# Learning cum Review Workshop

## $13^{th}$-$15^{th}$ April 2021

## Hotel Seven Star, Sauraha Chitwan

प्रस्तोताः कृष्णचन्द्र सुवेदी
उर्जा तथा वातावरण नेपाल

# परियोजनाको संक्षिप्त चिनारी

परियोजनाको नाम: सहभागितामुलक तनहुँसूर क्षेत्र संरक्षण कार्यक्रम

परियोजनाको कार्य क्षेत्र: व्यास नगरपालिका वडा नं. ११, तनहुँसूर

लक्षित वर्ग: आदिबासी जनजाति, महिला, ब्राम्हण, क्षेत्री, पहाडे दलित

प्रत्यक्ष लाभान्वित घरधुरी र जनसंख्या: १२३/५००

कार्यक्रमको अवधि: डिसेम्बर २०१९-जुलाई २०२१

परियोजनाको वजेट: ४० हजार अमेरिकी डलर

# कार्यक्रमका उद्देश्यहरु:

१. तनहुँसुर क्षेत्रको वनजंगल तथा जैविक विविधताको संरक्षण गर्नु ।

२. ऐतिहासिक सम्पदाहरूको संरक्षणमा स्थानीय सहभागिता बढाउनु ।

३. पर्या पर्यटन, जैविक खेती र नवीकरणीय उर्जा प्रणालीका माध्यम स्थानीय समुदायको जीविकोपार्जनमा सहयोग पुर्‍याउनु ।

# १. सम्पन्न कार्यक्रम तथा क्रियाकलापहरु

१. १ परियोजना सम्वन्धी जानकारी कार्यक्रम

१. २ अतिथि सत्कार तथा होमस्टे व्यवस्थापन तालिम

१. ३ होमस्टे प्रवर्द्धन कार्यक्रम

१. ४ पुरातात्विक सम्पदाको महत्व सम्वन्धी अभिमुखीकरण कार्यक्रम

१. ५ अर्गानिक तरकारी खेती सम्वन्धी आधारभूत तालिम

१. ६ तनहुँसूर ईको ट्रेक सम्भाव्यता अध्ययन

१. ७ प्राङ्गारिक मल तथा वानास्पतीक विषाधी सम्वन्धी आधारभूत तालिम

१. ८ शहीद दिवस २०७७ मा सहभागीता

१. ९ सामुदायिक वन पुनरावलोक सम्वन्धी छलफल

१. १० खानेपानीको लागि सोलर पम्प हस्तान्तरण तथा जडान

१. ११ गोरेटो बाटो मर्मत तथा निर्माण

१. १२ कृषि सामाग्री हस्तान्तरण कार्यक्रम

१. १३ अन्तर्राष्ट्रिय नारी दिवस मार्च ८ का दिन दमौली-तनहुँसूर महिला हाफ म्याराथन दौड प्रतियोगितामा सहभागिता

१. १४ तनहुँसूर देवस्थल सामुदायिक होमस्टे उद्घाटन कार्यक्रममा सहभागिता

१. १५ तनहुँसूर पर्यटकीय सम्पदा तथा वातावरण मेला २०७८ सम्वन्धी पत्रकार सम्मेलन

१. १६ वन डढेलो रोकथाम तथा नियन्त्रण सम्वन्धी जनचेतना कार्यक्रम

१. १७ प्रकाशन तथा प्रवर्द्धन सम्वन्धी कार्यहरु

## २. असल सिकाई तथा चुनौतीहरु

## ३. भावी कार्यक्रमहरु

# १. १ परियोजना सम्वन्धी जानकारी कार्यक्रम

**उद्देश्य,**

- परियोजना सम्वन्धी सम्भाव्य सहयात्री सरकारी एवं गैर सरकारी संघसंस्थाका साथै लक्षित समूहलाई जानकारी दिनु ।

सञ्चालिन मितिः सन् २०२० मार्च १६ तारिक

स्थानः व्यास नपा समीक्षा हल, दमौली

उपलव्धीः व्यास नपाका प्रमुख, उप-प्रमुख, सम्वन्धित वडाका वडाध्यक्षहरु, कार्यालय प्रमुखहरु, तनहुँसूर दमौली सम्पर्क मञ्च, होमस्टेका पदाधिकारीहरु, वन उपभोक्ता समितिका पदाधिकारीहरुका साथै तनहुँसूर क्षेत्रका समाजसेवीहरु गरी ४५ जनाले परियोजनाको नाम, काम, ठाम र वजेटको सम्वन्ध स्पष्टताका साथै आआफ्ना भूमिका बारे जानकारी प्राप्त गरेका थिए ।

# कार्यक्रमका झलकहरु






# कार्यक्रमका झलकहरु..........






# १. २ अतिथि सत्कार तथा होमस्टे व्यवस्थापन तालिम

**उद्देश्य,**

- होमस्टे सञ्चालकहरुकालागि आवश्यक ज्ञान र सीप प्रदानगरी जिम्मेवार पर्यटनको विकास गर्नु
- कोभिड-१९ र यसले पर्यटन क्षेत्रमा पारेको असर र अवसरबारे जानकारी गर्नु
- विगतका कार्यक्रमहरुको समीक्षा एवं भावी योजना निर्माण गर्नु ।
- संघ, प्रदेश र स्थानीय सरकारको चालु आ.व. को योजना तथा कार्यक्रमबारे जानकारी गराउनु ।
- होमस्टे गाउँहरुको पूर्वाधार विकासका लागि सम्वन्धित निकायहरुसंग समन्वय र सहकार्यको लागि सहयोग पुर्‍याउनु ।
- सामुदायिक होमस्टेको संस्थागत विकासमा सहयोग पुर्‍याउनु ।

# उपलब्धिहरु:

- गाउँका २४ जना व्यवसायिक होमस्टे सञ्चालनका लागि आवश्यक ज्ञान र सीपबाट लावन्भित भएका छन् ।
- सहभागीहरुले कोभिड-१९ संगसंगै पर्यटन विकासका तरिका, अभियान र कार्यक्रमहरु प्रति सुसूचित भएका छन् ।
- सहभागीहरुले आ-आफ्नो होमस्टे व्यवस्थापन समितिको लेखा तथा सूचना प्रणाली व्यवस्थापन गर्न आवश्यक ज्ञान तथा सीप सम्वन्धी जानकारी प्राप्त गरेका छन् ।
- सहभागीहरु स्थानीय उत्पादन प्रयोगगरी करिव १० विधिबाट १५ परिकार वनाउन सक्षम भएकाछन् ।
- गाउँका दर्ता भएका ८ होमस्टेलाई खाट सहित एक सेट विस्तारा वितरण गरिएको छ जसका कारण वेडका आकार प्रकार तथा व्यवस्थापन तरिकाबाट लाभन्वित भएका छन् ।

**सहभागी संख्या:** २४ (१० पुरुष १४ जना महिला)

**तालिम अवधि:** ६ दिन (स्थानीय समुदायमा आधारित)

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, तनहुँसूर धान गोदाम

**कार्यक्रम सञ्चालन मिति:** २०७७ मंसिर ८-१३ गतेसम्म

**सहकार्य:** व्यास नगरपालिका

**सहजीकरण:** सम्पदा नेपाल

# व्यास नपाका प्रमुख वैकुण्ठ न्यौपाने कार्यक्रमको समुद्घाटन गर्दै






# व्यास नपाका प्रमुख वैकुण्ठ न्यौपाने सहभागीहरुलाई प्रमाणपत्र र वेडसेट वितरण गर्दै






तालिमकै शिलशिलामा होमस्टेमा आउने पाहुनाहरुका लागि अतिथि सत्कार तथा साँस्कृतिक कार्यक्रम प्रस्तुती सम्वन्धी भूमिका प्रदर्शनी गर्दै सहभागीहरु



# १.३ होमस्टे प्रवर्द्धन कार्यक्रम

# उद्देश्य

- होमस्टे सञ्चालकहरुले प्राप्त गरेका ज्ञान तथा सीपलाई पुनर्ताजगी गर्नु ।
- कोभिड-१९ र यसले पर्यटन क्षेत्रमा पारेको असर र अवसरबारे जानकारी गर्नु ।
- विगतका कार्यक्रमहरुको समीक्षा एवं भावी योजना निर्माण गर्नु ।
- संघ, प्रदेश र स्थानीय सरकारको चालु आ.व. को योजना तथा कार्यक्रमबारे जानकारी गराउनु ।
- सामुदायिक होमस्टेको संस्थागत विकासमा सहयोग पुर्‍याउनु ।
- प्रकृति र संस्कृति संरक्षण एवं विकास सम्वन्धी जनचेतना अभिवृद्धि गर्नु ।

# उपलब्धिहरु

- दर्ता भएका १३ घरधुरी होमस्टे सहित गाउँका २२ जना (९ पुरुष १३ महिला) तालिमबाट लाभान्वित भएका थिए ।
- सहभागीहरुले कोभिड-१९ संगसंगै पर्यटन विकासका तरिका, अभियान र कार्यक्रमहरु प्रति सुसूचित भएका छन् ।
- गाउँका दर्ता भएका ८ होमस्टेलाई खाट सहित एक सेट विस्तारा वितरण गरिएको छ जसका कारण वेडका आकार प्रकार तथा व्यवस्थापन तरिकाबाट लाभन्वित भएका छन् ।

- होमस्टेको वार्षिक कार्य योजना निर्माण भएको छ । उक्त योजनाको कार्यान्वयनका लागि श्रोत व्यवस्थापन तथा समन्वय र सहकार्यका लागि सम्वन्धित निकायहरुको समेत पहिचान भएको छ ।
- सहभागीहरु स्थानीय रुपमा आर्थिक समृद्धि, सामाजिक सशक्तिकरण तथा रोजगारीका उपयाहरुको पहिचान गर्न सक्षम भएकाछन् ।
- होमस्टेको वजारीकरणका तरिका एवं प्रक्रियाबारे स्पष्ट भएकाछन् ।

**सहभागी संख्या:** २२ (९ पुरुष १३ जना महिला

**तालिम अवधि:** २ दिन (स्थानीय समुदायमा आधारित)

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, तनहुँसूर देवस्थल

**कार्यक्रम सञ्चालन मिति:** २०७७ मंसिर १३ र १४ गते

**सहकार्य:** व्यास नगरपालिका

**सहजीकरण संस्था:** सम्पदा नेपाल

# तालिम बारे प्रकाश पार्दै वडाध्यक्ष निरबहादुर खड्का र प्रशिक्षक ध्रूवराज पण्डित






# प्रशिक्षणका झलक




होमस्टे प्रवर्द्धन तालिम
Home-stay Promotion Training
व्यास-११, देवस्थल, तनहुँसर

# तालिममा अर्गानिक खाजा तथा वडाध्यक्ष निरबहादुर खड्का ज्यूबाट वेड सेट वितरण गर्दै





# १.४ पुरातात्विक सम्पदाको महत्व सम्वन्धी अभिमुखीकरण कार्यक्रम

# उद्देश्य

- तनहुँसूर स्थित ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक सम्पदा सम्वन्धी सचेतना अभिवृद्धिका साथै स्थानीय निकायहरुको भूमिका बारे जानकारी गराउनु

# उपलब्धि:

- कार्यक्रमका ५० जना सहभागीहरु नेपालका प्राचीन स्मारक तथा तनहुँसूरका पुरातात्विक सम्पदाको महत्वबारे सुसूचित भएका छन् ।
- तनहुँसूरका पुराना निवासीहरु (दमौली लगायत देशका विभिन्न भागमा वसाई सरेका विशेष नेवार समुदाय) सम्पदा वस्ती निर्माण गर्न प्रतिवद्ध भएकाछन् ।
- तनहुँसूर स्थित पुरातात्विक सम्पदाको संरक्षण एवं विकासका लागि स्थानीयबासी र सरकारको भूमिका बारे स्पष्ट भएकाछन् ।
- पुरातत्व विभागसंग सहकार्यगरी प्राचीन स्मारक संरक्षण ऐन अनुसार भावी कार्य सञ्चालन गर्ने समझदारी भएको छ ।

**सहभागी संख्या:** ५०

**कार्यक्रम अवधि:** १ दिन

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, टास्क भिलेज, तालघरे

**कार्यक्रम सञ्चालन मिति:** २०७७ पुष १६ गते

**सहकार्य:** पुरातत्व विभाग, काठमाडौं

**सहजीकरण :** व्यास नगर पालिका

# कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्दै आयोजक संस्था उर्जा तथा वातावरण नेपालका अध्यक्ष कृष्णचन्द्र सुवेदी






# कार्यक्रमबारे मन्तव्य राख्दै भानु नपाका प्रमुख उदयराज गौली र कार्यपत्र प्रस्तुत गर्दै पुरातत्व अधिकृत मञ्जु सिंह भण्डारी थापा






# कार्यक्रमबारे आआफ्ना विचार राख्दै संविधान सभा सदस्य माननीय रामचन्द्र पोखरेल र व्यास नपाका प्रमुख वैकुण्ठ न्यौपाने






# १.५ अर्गानिक तरकारी खेती सम्वन्धी आधारभूत तालिम

# उद्देश्य

- स्थानीय समुदायलाई प्राङ्गारिक खेती सम्वन्धी आवश्यक ज्ञान एवं सीप प्रदानगरी होमस्टेमा आउने पाहुनाहरुका लागि स्थानीय उत्पादनमा आधारित खाना उपलव्ध गराई व्यवसायिक जैविक कृषि तर्फ उन्मुख हुन प्रोत्सहान गर्नु ।

# उपलव्धि:

- गाउँमा होमस्टे, पशुपंक्षी र कृषि सम्वन्धी छुट्टा छुट्टै समिति निर्माण भइ कार्यान्वयनमा आएका छन् ।
- तालिमबाट ३५ जना स्थानीय बासिन्दा प्राङ्गारिक खेती सम्वन्धी ज्ञान र सीपबाट लाभान्वित भएकाछन् ।
- सहभागीहरु प्लाष्टिक टनेल निर्माणका अतिरिक्त मौसमी र वेमौसमी तरकारी उत्पादन सम्वन्धी समय, विउविजन, रोगव्याधि आदि बारे सचेत भएकाछन् ।
- सहभागीहरु स्थानीय स्तरमा नर्सरी वेड निर्माण गर्न सक्षम भएकाछन् ।

**सहभागी संख्या:** ३५

**कार्यक्रम अवधि:** ३ दिन

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, देवस्थल, तनहुँसूर

**कार्यक्रम सञ्चालन मिति:** २०७७ माघ १२ गतेदेखि १४ गतेसम्म

**सहकार्य:** व्यास नगरपालिका, कृषि शाखा

**सहजीकरण :** सम्पदा नेपाल

# तालिम उद्घाटन मन्तव्य राख्दै वडाध्यक्ष निरबहादुर खड्का र नर्सरी वेड वनाउँदै सहभागीहरु






स्थानीय समुदायलाई टनेल प्लाष्टिक हस्तान्तरण गर्दै व्यास नपा कृषि शाखाका अधिकृत विश्वराज वाग्ले, प्लाष्टिक टनेल वनाउँदै सहभागीहरु





# १.६ प्राङ्गारिक मल तथा वानास्पतीक विषाधी सम्वन्धी आधारभूत तालिम

# उद्देश्य

- प्राङ्गारिक खेतीका लागि मल खाद वनाउन र वानास्पतिक विषादीको प्रयोग गर्न प्रोत्सहान गर्नु ।

# उपलब्धि:

- सहभागिहरु प्राङ्गारिक मलखाद (सुधारिएको गोठे मल, कम्पोष्ट मल, गड्यौले मल, हरियो मल र कुखुराको मल) वनाउने तथा प्रयोग गर्ने विधिहरुबाट लाभान्वित भएका छन् ।
- सहभागीहरु रासायनिक विषादीको नकारात्मक असरबारे जानकार भइ उक्त विषादीको प्रयोगमा क्रमश: कम गर्दै जाने भएकाछन् ।
- वातावरण मैत्री कृषिका लागि वानास्पतिक विषादी निर्माण तथा प्रयोग विधि बारे सहभागीहरु सुसूचित भएकाछन् ।

**सहभागी संख्या:** ३५

**कार्यक्रम अवधि:** २ दिन

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, देवस्थल, तनहुँसूर

**कार्यक्रम सञ्चालन मिति:** २०७७ माघ १५ गतेदेखि १६ गतेसम्म

**सहकार्य: व्यास नगरपालिका, कृषि शाखा**

**सहजीकरण :** सम्पदा नेपाल

# प्रशिक्षणको क्रममा प्रशिक्षक माया राना



# तालिमका अन्य झलकहरु





# तालिमका अन्य झलकहरु





# तालिमका अन्य झलकहरु





# तालिमका अन्य झलकहरु





# स्थानीय कृषि अभियान्ताहरुसंग प्रशिक्षकहरु



# १.७ शहीद दिवस १६ माघ २०७७ मा सहभागीता

# शहीद पार्क तनहुँसूर



# पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य सहित शहीद दिवस





# १.८ तनहुँसूर ईको ट्रेक सम्भाव्यता अध्ययन

# उद्देश्य

- समग्र तनहुँसूर क्षेत्रको प्राकृतिक एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा विकास गर्दै पर्या पर्यटनका गतिविधिहरुबाट स्थानीय समुदायको समृद्धिमा सहयोग पुऱ्याउनु ।

# उपलब्धि:

- ट्रेकको नक्शाङ्कन
- नपाबाट ट्रेल तथा चौतारी निर्माण तथा मर्मत कार्य प्रारम्भ
- लोपोन्मुख पुरानो गाउँवेसी गर्ने बाटो पुनः पदमार्गको रुपमा प्रयोग
- डिभिजन वन कार्यालयबाट वेल वृक्ष संरक्षणका साथै सिमसार क्षेत्रमा चेकड्याम निर्माण कार्यको थालनी
- वन उपभोक्ता समितिहरु पर्या पर्यटन तर्फ प्रोत्साहित

# सर्भेक्षण विधि

स्थानीय समुदायहरुसंग छलफल, पर्यटकीय सम्पदाहरुको पहिचान, नक्शाङ्कन, वन्य जीवजन्तू एवं वनस्पतीहरुको वर्तमान वस्तुस्थिति विश्लेषण, पूर्वाधार विकास गर्न पर्ने क्षेत्रहरुको छनोट तथा अनुमानित लागत विवरण आदि ।

**सहभागी संस्थाहरु:** व्यास नगरपालिका, जिल्ला वन कार्यालय तनहुँ, गोवर्धन ट्रष्ट, उर्जा तथा वातावरण नेपाल, सम्पदा नेपाल, भानु शान्ती निकुञ्ज विकास समिति, नक्शा कन्सल्टेन्सी, सञ्चार क्षेत्र

**सर्भे अवधि:** २ दिन

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, मूलपानीदेखि तनहुँसूरगढीसम्म

**दुरी:** ६.५ कि.मि.

**समुन्द्र सतहबाट उचाई :** ४७० मि. देखि १२४० मि. सम्म


**सर्भे मिति:** २०७७ फागुन २ र ३ गते

# सहकार्यमा निर्माण ईको ट्रेकको नक्सा (होर्डिङ् बोर्ड)



# सर्भे टोलीलाई स्वागत गर्दै मूलपानीबासी





# सर्भे टोली पदयात्रा गर्दै र तनहुसूर देवस्थल सामुदायिक होमस्टेले टोलीलाई खाजा सहित स्वागतका गर्दै






# सर्भे टोली ट्रेकको अन्तिम विन्दू तनहुँसूरगढी नजिक





# सहकार्यमा निर्मित ट्रेकको साइनेज तथा वोर्डहरु



# १.९ सामुदायिक वन पुनरावलोकन सम्वन्धी छलफल

**उद्देश्य**,

तनहुँसूर क्षेत्रका तीन सामुदायिक वनको आवधिक योजना पुनरावलोकन तथा वर्तमान कार्यक्रमबारे जानकारी गराउनु ।

# उपलब्धि:

- ३ वटै वन उपभोक्ता समितिको वर्तमान वस्तुस्थितिबारे जानकारी प्राप्त भयो ।
- संस्थागत विकास रोक्का भएका सामुदायिक वन उपभोक्ता समितिहरुको नविकरण प्रक्रिया अघि वढ्यो ।
- आवधिक योजना निर्माणका लागि डिभिजन वन कार्यालय तनहुँबाट प्राविधिक सहयोग प्राप्त हुने प्रतिवद्धता ।

**सहभागी संख्या:** २०

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, धान गोदाम, तनहुँसूर

**कार्यक्रम सञ्चालन मिति:** २०७७ फागुन ३ गते

**सहकार्य: डिभिजन वन कार्यालय तनहुँ**

**सहजीकरण:** तनहुँसूर सामुदायिक वन उपभोक्ता समिति

# छलफल कार्यक्रमको सहजीकरण गर्दै डिभिजन वन कार्यालय तनहुँका सहायक वन अधिकृत अरुण पराजुली





# १.१० सोलर खानेपानी पम्प हस्तारन्तरण तथा जडान कार्यक्रम

**उद्देश्य**,

होमस्टे लगायत समुदायका सबै घरधुरीलाई स्वच्छ खानेपानी वितरण गर्न सहयोग पुर्‍याउनु ।

# उपलब्धि

- सोलर खानेपानी पम्प जडान भए पश्चात तनहुँसूरका पचास घरधुरीलाई खानेपानीको सहज उपलव्ध भएको छ ।
- उक्त पानीलाई व्यवस्थित गर्ने उद्देश्यका साथ व्यास नपाको सहयोगमा घरघरमा निजी धारा जडान कार्य प्रारम्भ भएको छ ।
- व्यक्तिगत एवं सामुदायिक सरसफाईमा प्रगतिका साथै गाउँमा हरियो तरकारी उपलव्धताको मात्रामा वृद्धि भएको छ ।

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, धान गोदाम, तनहुँसूर

**कार्यक्रम सञ्चालन मिति:** २०७७ फागुन ३ गते

**सहकार्य:** व्यास नपा र खानेपानी डिभिजन कार्यालय तनहुँ

**सहजीकरण:** तनहुँसूर खानेपानी तथा सरसफाई उपभोक्ता समिति

# खानेपानी सोलर पम्प ग्रहण गर्दै तनहुँसूर खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष लक्ष्मण विक र सदस्यहरु





# १.११ गोरेटो बाटो निर्माण/मर्मत तथा वृक्षा रोपण

## उद्देश्य

धानगोदामबाट दरबार परिसरसम्मको पदमार्ग निर्माण तथा मर्मतगरी अवलोकन कर्ताहरुलाई सहज गर्नुका साथै पदमार्ग दायावायाँ वृक्षा रोपणगरी तनहुँसूर क्षेत्रको सुन्दरता र वातावरण संरक्षणमा सहयोग पु¥याउनु ।

# उपलब्धि

- ६५ मिटर ढुङ्गा ओछ्याईएको पदमार्ग निर्माण भइ दरबार परिसर अवलोकनकर्ताहिरुलाई आवतजावजको लागि सजिलो वनेको छ ।
- बोटोको थप सुन्दरता वढेको छ ।
- तनहुँसूर क्षेत्रका अन्य मर्मत तथा निर्माण गर्न पर्ने गोरेटो बाटोको सन्दर्भमा स्थानीय समुदाय वीच जिम्मेवारीको चर्चा बढेको छ ।

# सिलिङ्गे फुलको रुखदेखि धार्नी चौतारीसम्म निर्माण भएको गोरेटो बाटो



# गोरेटो बाटो र पारीजातको वन





# १.१२ कृषि सामाग्री तथा वीज हस्तान्तरण कार्यक्रम

**उद्देश्य,**

परम्परागत कृषि प्रणालीलाई आधुनिक प्रविधि अनुसार सरल एवं सहज वनाई व्यवसायिक रुपमा उत्पादन वृद्धिगरी स्थानीय समुदायको समृद्धिमा सहयोग पुऱ्याउनु ।

# उपलब्धि

- २५ घर धुरीलाई १०।१० थरीका विउविजन वितरण पश्चात गाउँमा सामुदायिक र निजी तरकारीका नर्सरी वेडहरु तयार भएकाछन् ।
- १ थान हाते ट्र्याक्टर देवस्थल आमा समुहलाई उपलव्ध भए पश्चात समयको व्यवस्थापन, महिलाहरुको सहभागिताका साथै हलगोरु र हलीको अभाव गाउँमा टरेको छ ।
- गाउँमा १५ थान टनेल प्लाष्टिक वितरण गरिएको थियो जसका कारण वेमौसमी तरकारी खेतीका लागि कृषकहरु उत्साही वनेका छन् ।

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, तनहुँसूर देवस्थल

**कार्यक्रम सञ्चालन मिति:** २०७७ चैत्र ३ गते

**सहकार्य:** व्यास नगरपालिका, कृषि शाखा

**सहजीकरण:** तनहुँसूर देवस्थलका आमा समूह

# जिइएफ/एसजिपि का सहायक निर्देशक विवेकधर शर्माज्यूबाट तनहुँसूर देवस्थलका आमा समूह र कृषक समूहलाई विउविजन, टनेल प्लाष्टिक, हाते ट्र्याक्टरका साथै कृषि औजारहरु हस्तान्तरण गर्दै





# प्राविधिकले हाते ट्र्याक्टर प्रयोग समवन्धी जानकारी गराउँदै





# स्थानीय महिला समूह हाते ट्र्याक्टर प्रयोग गर्दैं





# १.१३ अन्तर्राष्ट्रिय नारी दिवस मार्च ८ का दिन दमौली-तनहुँसूर महिला हाफ म्याराथन दौड प्रतियोगितामा सहभागिता

# व्यास नपा खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ दमौली-तनहुँसूर महिला हाफ म्याराथन प्रतियोगिता आयोजना गर्दै ।

# तनहुँसूर निवासीहरु उत्साही ।






# दौडका उत्कृष्ट तीन धाविकाहरु, जसले स्थानीय महिलाहरुलाई समेत प्रेरणा प्रदान गरेको छ ।



# १.१४ तनहुँसूर देवस्थल सामुदायिक होमस्टे उद्घाटन कार्यक्रममा सहभागिता

२०७७ चैत्र ६ गते

व्यास नपा ११ तनहुँसूर

# तनहुँसूर देवस्थल सामुदायिक होमस्टे संयूक्त रुपमा उद्घाटन गर्दै गण्डकी प्रदेशका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान र व्यास नपाका प्रमुख वैकुण्ठ न्यौपाने






# कार्यक्रमका अन्य झलक.......






# १.१५ तनहुँसूर पर्यटकीय सम्पदा तथा वातावरण मेला २०७८ सम्वन्धी पत्रकार सम्मेलन

२०७७ चैत्र ८ गते

व्यास नपा समीक्षा हल

# पत्रकार सम्मेलनको झलक



# पत्रकार सम्मेलनलाई सम्वोधन गर्दै व्यास नपा प्रमुख वैकुण्ठ न्यौपाने



# १.१६ वन डढेलो रोकथाम तथा नियन्त्रण सम्वन्धी जनचेतना कार्यक्रम

## उद्देश्य

वातावरण संरक्षण एवं वन डढेलो रोकथाम तथा नियन्त्रण सम्वन्धी जनचेतना जगाई वातावरण मैत्री समुदायको विकास गर्न सहयोग गर्नु ।

# उपलब्धि

- स्थानीय वनउपभोक्ता समितिका पदाधिकारी एवं उपभोक्ताहरु वन डढेलोका कारण, रोकथामका उपायहरु, डढेलो लगाउने तरिका आदिबाट सुसूचित भएकाछ्न् ।
- सहभागीहरुले वर्तमान विश्वमा वन विनाशका कारण प्राकृतिक सम्पदा, जैविक विविधताका साथै प्राणी तथा वनस्पती जगतको प्रजनन प्रकृयामा परेको नकारात्मक असर बारे जानकारी प्राप्त गरेका छ्न् ।
- वन तथा कार्वन व्यवस्थापन प्रणाली बारे जानकारी प्राप्तगरी स्थानीय गाउँघरमा रुख काट्ने, थन्क्याउने र काठको प्रयोग गर्ने सन्दर्भमा सचेत भएका छ्न् ।

**कार्यक्रम स्थल:** व्यास नपा वडा नं. ११, गद्दीचौतारी, तनहुँसूर

**कार्यक्रम सञ्चालन मिति:** २०७७ चैत्र २४ र २५ गते

**प्राविधिक सहयोग:** डिभिजन वन कार्यालय तनहुँ

**सहजीकरण:** तनहुँसूर सामुदायिक वन उपभोक्ता संस्था र शहीद शन्तचन्द्र टोल विकास संस्था

# कार्यक्रम बारे जानकारी प्रदान गर्दै डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्ले






# वन डढेलो नियन्त्रण सम्वन्धी प्रयोगात्मक अभ्यास






# डढेलो पश्चात वन डढेलो राकथाम तथा नियन्त्रण सम्वन्धी छलफल





# १.१७ प्रकाशन तथा प्रवर्द्धन सम्वन्धी कार्यहरु

# तनहुँसूर पर्यटन सम्पदा तथा वातावरण मेलाको प्रवर्द्धनका साथै तनहुँसूरको प्रचारप्रसार गर्ने उद्देश्यले पच्चिस शय थान ब्रोसर प्रकाशन तथा वितरण भएको छ ।




# तनहुँसूर स्थित दुई सामुदायिक होमस्टेहरुको प्रचारप्रसारका कारण आन्तरिक पर्यटक आगमन संख्यामा उल्लेख्य वृद्धि भएको छ ।






# तनहुँसूर ईको ट्रेक व्यवस्थित तरिकाबाट शुरुआत भएको छ। पदयात्रा शुरुआत विन्दू मूलपानीबासी उत्साही भएका छन्। स्थानीयबासी पदमार्गको पूर्वाधार ( सरसफाई, मर्मत, साईनेज आदि) व्यवस्थापनका लागि जुटेका छन्।



## व्यास नपा लगायत अन्य सहयात्री संघसंस्थाहरुको सहकार्यमा तनहुँसूर क्षेत्र अन्तर्गत सम्पदा एवं वातावरण संरक्षण सम्वन्धी सचेतनामुलक विभिन्न साईजका ७ वटा होर्डिङ् वोर्ड स्थापना भएका छन् ।



# तनहुँसूर स्थित स्थापना गरिएको होर्डिङ वोर्ड



# २.असल सिकाईहरु


तनहुँ राज्यका स्येन वंशिय राजाहरू
१-भृङ्गि स्येन (१६१०-१६२८)
२-हमवीर स्येन (१६२८-१६८७)
३-तुला स्येन (१६८७-१७१०)
४-दामोदर स्येन
५-दिग्विजय स्येन
६-कामराज दत्त सेन
७-त्रिविक्रम सेन
८-कामरि दत्त स्येन
९-हरकुमार दत्त सेन

# गाउँले आआफै विच व्यवसायिकताको विकास एक आपसमा सिको वनेको छ ।





# कार्यक्रमको चहलपहलले खण्डहर वनेको वस्ती वेवास्ताका घरघडेरीहरुले रुप फेर्न थालेका छन् ।





# अधुरा सामुदायिक भवनहरु गाउँ एकताका कारण सम्पन्न वन्दैछन् भने नीजि क्षेत्रहरुले समेत लगानी क्षेत्र विस्तार गरेको छ ।





वाह्य पाहुनाहरुको आगमनका कारण गाउँका अन्य घरधुरी (होमस्टे सञ्चालन नभएको) हरुले समेत घर र गाउँ स्वच्छ सफा, सुन्दर राख्न स्वस्फुर्तरुपमा लागेका छन् ।





# होमस्टे कोठाहरुको निर्माण गर्दा पाहुना नहुँदा आफै पनि राम्रो र सफा कोठामा वस्न पाईन्छ भन्छन् होमस्टे सञ्चालक ।





## स्थानीय, प्रदेश र संघीय सरकारलाई अवसर वनेको छ योजनावद्ध स्थानीय विकास



गण्डकी प्रदेश सरकारको सहयोगमा निर्माधिन तनहुँसूर सामुदायिक होमस्टेको समाज घर ।

# पुरातत्व विभागको सहयोगमा निर्माणधिन खड्गकाली मन्दिर तनहुँसूर दरबार परिसर




# डिभिजन वन कार्यालय तनहुँको सहयोगमा भगवतीपानी मन्दिरस्थित सिमसार क्षेत्रमा चेकड्याम निर्माण गर्दै



# ३. भावी कार्यक्रमहरु

- तनहुँसूर पर्यटकीय सम्पदा तथा वातावरण मेला २०७८ (बैशाख ५-७ गतेसम्म)
- सामुदायिक वन कार्य योजना पुनरावलोकन तथा प्रोफाईल निर्माण
- समग्र तनहुँसूर क्षेत्रको पर्यटकीय सम्पदाको व्याख्या सहित फोटो पुस्तक प्रकाशन
- वृक्षा रोपण ५ जुन २०२१ (विश्व वातावरण दिवस)
- पिक्निकस्थल तथा पर्यटकीय स्थल व्यवस्थापन
- पानीको श्रोत संरक्षण कार्यक्रम

# साझेदार संस्था तथा आर्थिक सहयोग विवरण

| | | |
|---|---|---|
| १. | व्यास नगरपालिका (होमस्टे तालिम तथा पूर्वाधार विकास कार्यक्रम, खानेपानी तथा सरसफाई र शहीद पार्क निर्माण) | रु. ५५,००,०००.०० |
| २. | व्यास नपा वडा नं ११ (ईको ट्रेक विकास कार्यक्रम) | रु. ६,००,०००.०० |
| ३ | डिभिजन वन कार्यालय तनहुँ (ईको ट्रेक अन्तर्गत चेक ड्याम निर्माण) | रु. ५,००,०००.०० |

| | | |
|---|---|---|
| ४. | खानेपानी डिभिजन कार्यालय (खानेपानी व्यवस्थापन) | १०,००,०००.०० |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश (२ सामुदायिक होमस्टेका लागि सामुदायिक भवन निर्माण, सोलर वत्ती जडान, ईण्टरनेट जडानका लागि) | ३०,००,०००.०० |
| ६. | पुरातत्व विभाग, काठमाडौं (खड्गकाली मन्दिर निर्माण) | ५०,००,०००.०० |
| ७. | संघीय सरकार र व्यास नगरपालिका ( खड्गकाली मोटरमार्ग कालोपत्रे) | ८,००,००,०००.०० |

# परियोजनाको पारदर्शिकता, सञ्चार र अनुगमन रणनीति

- परियोजनाको कार्यक्रम, वजेट र सञ्चालन प्रक्रियाबारे सार्वजनिक ।
- परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकारको तर्फबाट वडाध्यक्ष, स्थानीय सहजीकरण संस्था र आयोजक संस्थाको संयुक्त स्टेरिङ कमिटी
- लक्षित वर्गहरुको सहभागितामा कार्यक्रम सञ्चालन तथा रेखदेख समिति गठन तथा कार्यान्वय (होमस्टे व्यवस्थापन समिति, कृषि समिति,पशुपंक्षी र वन समिति समिति) ।
- सहकार्यको लागि व्यास नगरपालिकाको आर्थिक तथा पूर्वाधार विकास शाखा अन्तर्गत पर्यटन र कृषि उपशाखासंग कार्यगत सहमती ।
- कार्यक्रमबारे सञ्चारकर्मीहरु मध्ये एक जनालाई विशेष साक्षरताका साथै विभिन्न मिडियाहरुबाट संप्रेषण
- सहयोगी निकायबाट नियमित मूल्याङ्कन । आदि

# परियोजनाको दिगोपनाका लागि रणनीति

- तनहुँसूर पर्यटन गुरु योजना स्थानीय सरकार (व्यास नपा) लाई हस्तान्तरण गरी कार्यान्वयनका लागि पहल ।
- स्थानीय समिति (होमस्टे, कृषि तथा पशुपंक्षी, वन, खानेपानी तथा सरसफाई आदि) समितिहरुको पूर्वाधार एवं क्षमता विकास कार्यक्रम
- प्राचिन स्मारक संरक्षण ऐन अनुसार तनहुँसूर क्षेत्रको पुरातात्विक सम्पदाको संरक्षण एवं विकासका लागि तनहुँसूर पुरातात्विक सम्पदा संरक्षण विकास समिति गठन तथा कार्यान्वय ।
- तनहुँसूर ईको ट्रेक विकास समिति निर्माण गरी मूलपानीदेखि तनहुँसूरगढीसम्मको क्षेत्रलाई कृषि र वनसंग एकीकृतरुपमा पर्या पर्यटनको विकास गर्ने ।

# भावी चुनौतीहरु

- संस्कृति, पर्यटन र वातावरण संरक्षण सम्वन्धी अवधारणाको बुझाइमा कमी
- पर्यटकीय पूर्वाधारहरु सडक, पुल, दरबार, मन्दिर, संग्रहालय, भ्यूपोईण्ट, सूचना केन्द्र, पार्क आदि  जस्ता पूंजीगत कार्यमा लगानी गर्न,
- पर्यटन विकासबाट आर्थिक सामाजिक, सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा हुने नकारात्मक प्रभाव रोक्न,
- परम्परागत शैलीका घर, मठमन्दिर, चौतारी, पाटीठाँटी, ढुङ्गे धारा आदि संरक्षण गर्न

- दरबार क्षेत्रका साथै धार्मिक स्थलहरुको अतिक्रमण रोकी सीमाङ्कन गर्न
- वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न
- पर्यटन क्षेत्रमा लगानी गर्ने सहज वातावरण तयार गर्न
- सम्पदा वस्ती एवं व्यवस्थित ग्रामको विकास गर्न
- जनतालाई पर्यटन प्रति आकर्षित गर्न
- धर्म, संस्कृति, परम्परा, रीति रिवाज, संरक्षण एवम् प्रवर्द्धन गर्न

# आर्थिक प्रतिवेदन

**जम्मा स्विकृत वजेट:** ४०,००० अमेरिकी डलर

**पहिलो किस्ता :** २०, ००० अमेरिकी डलर

**जम्मा खर्च :** १९,५६० अमेरिकी डलर

# मेला सम्वन्धी प्रगति

# गाउँ भेला



# १७ विभिन्न उपसमितिका संयोजक चयन एवं कार्य विभाजन





# उप समितिका संयोजक एवं मुल समितिको नियमित बैठक



# मेला सम्वन्धी प्रमुख जिल्ला अधिकारीसंग बैठक



# तनहुँसूर पर्यटकीय सम्पदा तथा वातावरण मेला २०७८ (बैशाख ५-७ गतेसम्म)

**मेलाको लक्ष्य**

समग्र तनहुँसूर क्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं प्राकृतिक सम्पदाहरुको पहिचान, प्रचार प्रसार, संरक्षण तथा विकास गर्दै एक सुन्दर, शान्त, सुरक्षित वातावरण मैत्री पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नु ।

# मेलाको उद्देश्य

- तनहुँसूर क्षेत्रलाई धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं जैविक विविधतायुक्त पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न स्थानीय समुदायलाई प्रोत्साहन गर्नु ।
- तनहुँसूर दरबार परिसर अन्तर्गतका पुरातात्विक सम्पदाका साथै वातावरण संरक्षण एवं प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि गर्नु ।
- हाल सञ्चालनमा रहेका र सञ्चालन उन्मुख होमस्टेहरुको प्रवर्द्धनगरी आन्तरिक एवं वाह्य पर्यटकको संख्यामा वृद्धि गरी स्थानीय समुदायको समृद्धिका लागि सहयोग पुऱ्याउनु ।

# उद्देश्य अनुरुप सञ्चालन हुने मुख्य क्रियाकलाप तथा आकर्षणहरु:

१) धार्मिक एवं ऐतिहासिक स्थलहरुको भ्रमण तथा दर्शन

२) विविध सांस्कृतिक कार्यक्रम सहित होमस्टेको अनुभव

३) तनहुँसूर ईको ट्रेक

४) पुरातात्विक सम्पदा र वन तथा वातावरण सम्वन्धी प्रदर्शनी

५) पुरातात्विक सम्पदाको महत्व एवं वातावरण संरक्षण विषयक मा.वि. स्तरीय वक्तृत्व कला प्रतियोगिता

६) फुड फेस्टिभल (खाना महोत्सव)

७) खुल्ला फुटवल प्रतियोगिता

८) पर्या पर्यटन सम्वन्धी अन्तरक्रिया कार्यक्रम तथा तनहुँसूर पर्यटन गुरु योजना हस्तान्तरण कार्यक्रम आदि ।

# तनहुँसूरका केही महत्वपूर्ण पुरातात्विक सम्पदाहरु



# गद्दी चौतारा र भगवतीपानी मन्दिर





# रानी नुहाउने ढुङ्गा र भीमसेन थान





# छाप लगाउने ढुङ्गा र विष्णु शिव मन्दिर





# फुलपाती ढुङ्गा, तारो हान्नेघर, टुडीखेल





# धन्यवाद ।



संस्कृति र सम्पदा संरक्षणका लागि पर्यटन ।